स्थानीय सरकार
# कालीगण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
विर्घा, स्याङ्जा
स्थापित २०७३

पत्र संख्याः २०८१/८२
चलानी नं.

गण्डकी प्रदेश, नेपाल

## स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम तहबृद्धि सम्बन्धि सूचना ॥
(सूचना प्रकाशन मितिः २०८२।०३।१६)

प्रस्तुत विषयमा गण्डकी प्रदेश सरकारद्धारा जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ४८ बमोजिम तहवृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा न्यूनतम ९५ प्रतिशत अंक प्राप्त गरेको हुनुपर्नेछ। तोकिए बमोजिको अङ्क प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित सेवा, समूह, उपसमूह भित्रको पदमा तह वृद्धि गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ । स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ र ३१ बमोजिम योग्यता पुरा गरेका तथा दफा ४२ बमोजिम नकरात्मक सूचीमा नपरेका कालीगण्डकी गाउँपालिकाका स्थानीय सेवाका इच्छुक स्थायी कर्मचारीहरुले स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को अनुसूची १५ बमोजिमका तहवृद्धि आवेदन फारम नेपाली कागजमा प्रिन्ट गरी फाराममा उल्लिखित विवरण खुलाई ४ (चार) प्रति तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराई यो सूचना प्रकाशन भएको १५ दिन भित्र कार्यालयमा पेश गर्नु हुन जानकारी गराइन्छ। साथै म्याद नाघि प्राप्त हुन आएका अपुरो विवरण गरी पेश भएका र ऐन बमोजिम तोकिएका कागजातहरु पेश नभएका आवेदनहरुलाई तहवृद्धिको प्रकृयामा सामेल नगराइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**आवेदन साथ खुलाउनुपर्ने तथा संलग्न गर्नुपर्ने अन्य कागजातहरुको विवरण:**

१ रितपूर्वक भरिएको आवेदन फारम
२ शुरु नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि
३ सरुवा तथा रमाना पत्रको प्रतिलिपि १/१ प्रति (सरुवा भएका कर्मचारीहरुको लागि)
४ तहवृद्धि हुने पद भन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्ति वा स्तरवृद्धिको प्रमाणित प्रतिलिपि
५ कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गाउँपालिकामा समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपि र पदस्थापन पत्रको प्रमाणित प्रतिलिपि । (समायोजन भएको कर्मचारीहरुको लागि)
६ न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

२०८२।३।१६

पर्शुराम उपाध्याय
प्रमख प्रशासकीय अधिकृत

**Email:** kaligandakiruralmunicipality@gmail.com, **Website:** www.kaligandakimunsyangja.gov.np